# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२।०३।२६

## प्रेस विज्ञप्ति

वैदेशिक रोजगार व्यवसायी समाजका प्रथम उपाध्यक्ष अख्तर हुसेनले मूलपत्र डटकमका समाचार संयोजक रमेश भारतीलाई प्रकाशित समाचार हटाउन धम्की दिएकोमा नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ।

अनलाइनमा 'संघका अध्यक्ष गुरुङ नै मानव तस्करीमा, बुल्गेरिया पठाउँछु भन्दै २ युवतीसँग साढे २९ लाख ठगी' शीर्षकमा समाचार प्रकाशित भएको थियो ।

सोही निहुँमा भारतीलाई धम्की दिनुका साथै अनलाइनविरुद्ध फेसबुक पेज रिपोर्ट र सामाजिक वहिष्कारको अभियान चलाएको महासंघ उपत्यका प्रदेश समितिले जनाएको छ।

यस प्रकारले धम्क्याउने र मिडिया विरुद्ध अभियान चलाउने घटनालाई महासंघले अत्यन्त निन्दनीय र प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपको रुपमा लिएको छ ।

महासंघ घटनाको छानबिन गरी दोषीमाथि कानुनी कारबाही प्रक्रिया अगाडि बढाउन र यस्ता हर्कत दोहोरिन नदिन विशेष कदम चाल्न सम्बन्धित निकायसँग माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org